नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
# Financial Comptroller General Office

पत्र संख्याः २०७४।७५।४.६
चलानी नं. २१०
शाखाः- लेखा सुदृढिकरण तथा जनशक्ति विकास शाखा
मितिः २०७५।१।२०

**विषय : वैदेशिक अध्ययन / तालिम छात्रवृत्ति सम्वन्धमा**

प्रस्तुत विषयमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय जनशक्ति विकास शाखाको च.न. ३०९/२०७४/०७५ मिति २०७५/१/१२ गतेको पत्रबाट **KDI School of Public Policy and Management/Korea** मा संचालन हुने यसै साथ संलग्न पत्रमा उल्लेखित अध्ययन/तालिम कार्यक्रममा सवै निकायहरुलाई खुला गर्ने गरी निजामति सेवा ऐन २०४९ (संसोधन सहित) को दफा ४० (ख) को उपदफा ३ बमोजिम गठित समितिको वैठकबाट निर्णय भई उपयुक्त उम्मेदवार मनोनयन गरी श्री अर्थ मन्त्रालय अन्तर्राष्टिय आर्थिक सहायता समन्वय महाशाखामा पठाउन भनि लेखि आएको हुँदा निजामति सेवा ऐन २०४९ र नियमावली २०५० (संसोधन सहित) मा भएको व्यवस्था बमोजिम योग्यता पुगेका ईच्छुक कर्मचारीहरुले यो सूचनाको **मितिले ७ (सात दिन) अर्थात (२०७५ वैशाख २६ गते ) सम्ममा** यस कार्यालय आईपुग्ने गरी आवेदन दिनुहुन निर्देशानुसार अनुरोध छ । साथै उक्त छात्रवृत्ती सम्वन्धी विस्तृत जानकारी यसै साथ संलग्न संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्रबाट अवगत गर्नु हुन समेत अनुरोध छ ।

२०७५।१।२०
.....................
जितेन्द्र गिरी
(लेखा अधिकृत)

**वोधार्थ**

श्री सूचना प्रविधी शाखा

सूचना यस कार्यालयको Website मा राखिदिनुहुन ।


अनामनगर, काठमाडौं, फोन-०१ ४७७२९०, ४७७०७४९, ४७७०३५१ ९भहत(२२४०, फ्याक्स. : ०१ ४७७१२९१
Email : info@fcgo.gov.np Web : www.fcgo.gov.np

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(जनशक्ति योजना तथा विकास शाखा)

पत्र संख्याः ज.वि.शा. ३०९-२०७४/७५

तुरुन्त

चलानी नं ३६४

मितिः २०७५/०१/१२

विषयः- **वैदेशिक अध्ययन/तालीम छात्रवृत्तिमा मनोनयन गर्ने सम्बन्धमा।**

दर्ता नं ६९११
मिति ०१/२०

श्री सबै मन्त्रालय, सचिवालय, आयोग, कार्यालय,

तपसिल अनुसारको अध्ययन/तालीम कार्यक्रममा सबै निकायबाट कर्मचारी मनोनयन गर्न खुला गर्ने गरी निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ४०ख को उपदफा (३) बमोजिम गठित समितिको मिति २०७५/०१/१२ को वैठकबाट निर्णय भएको हुदा उक्त कार्यक्रममा उपयुक्त उम्मेदवार मनोनयन गरि अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखामा पठाउनु हुन तथा मनोनयन गरिएको **कर्मचारीको संकेत नं. समेत उल्लेख गरि सो को जानकारी यस मन्त्रालयमा समेत अनिवार्य** रुपमा उपलब्ध गराउने व्यवस्था हुन आवश्यक कार्यार्थ पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

साथै, तालीम तथा अध्ययन कार्यक्रममा उम्मेदवार मनोनयन गर्दा कार्यक्रमसँग असम्बन्धित व्यक्तिको मनोनयन भै सम्बन्धित संस्थाबाट कन्फर्मेशन नआएमा सो निकायलाई २ पटकसम्म छात्रवृत्तिमा समावेश नगर्ने भनी निर्णय भएको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

छात्रवृत्तिको मनोनयनमा सम्बन्धित **सेवा, समुह र श्रेणीभित्रका समावेशी (महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र) तथा हालसम्म अवसर नपाएका** र **दुर्गममा सबभन्दा बढी समय काम गरेको आधार साथै योग्यता पुगेका सहायक स्तरका कर्मचारीहरुलाई समेत प्राथमिकता दिई मनोनयन** गर्नुहुन अनुरोध छ ।

**तपसिलः**

| क्र.सं. | अध्ययन / तालीम/छात्रवृत्तिको विषय | अध्ययन/तालीमको अवधि | आवेदन फाराम दर्ता अन्तिम मिति | छात्रवृत्ति प्रदान गर्ने संस्था/तालीम संचालन हुने देश | आवश्यक योग्यता/ अन्य प्रासंगिक व्यहोरा | छात्रवृत्ति वितरण गरिएका निकाय/निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|---|
| 1 | Masters of Public Policy (MPP) | Starts from Fall-2018 September (1 year) | **2018 May 24** | KDI School of Public Policy and Management /Korea | At least Bachelor's degree or equivalent to a Bachelor's Degree TOEFL, IELTS,TOEIC< TEPS, OPIC not required but strongly recommended For details, please refer to www.kdischool.ac.kr/ | सबै निकायलाई खुला गर्ने । |
| 2 | Masters of Development Policy (MDP) | Starts from Fall-2018 September (1 year) | **2018 May 24** | KDI School of Public Policy and Management /Korea | At least Bachelor's degree or equivalent to a Bachelor's Degree TOEFL, IELTS,TOEIC< TEPS, OPIC not required but strongly recommended For details, please refer to www.kdischool.ac.kr/ | सबै निकायलाई खुला गर्ने |
| 3 | Masters of Public Management (MPM) | Starts from Fall-2018 September (1 year) | **2018 May 24** | KDI School of Public Policy and Management /Korea | At least Bachelor's degree or equivalent to a Bachelor's Degree TOEFL, IELTS,TOEIC< TEPS, OPIC not required but strongly recommended For details, please refer to www.kdischool.ac.kr/ | सबै निकायलाई खुला गर्ने |

(कुल प्रसाद भट्टराई)
शाखा अधिकृत

बोधार्थ
श्री राष्ट्रिय योजना आयोग, आर्थिक विश्लेषण तथा बैदेशिक सहायता समन्वय शाखा, सिंहदरबार ।
श्री अर्थ मन्त्रालय, अन्तराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा, सिंहदरबार ।
श्री परराष्ट्र मन्त्रालय, सिंहदरबार ।